स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



कुनै बेला करिअरको उत्कर्षमा थिए, आर्यन सिग्देल । डेब्यु फिल्म 'किस्मत'ले किस्मत बदलेपछि उनी करिब एक दशक लभस्टोरी फिल्ममा निर्विकल्प बने । उनलाई लिन मेकरहरु महिनौं कुर्थे । उनको लाइनअपमा दर्जनौं फिल्म हुन्थे । त्यसबेला सबैभन्दा महंगा अभिनेता समेत कहलिएका थिए । उनले भने- 'त्यसबेला मलाई बैंकिङको बारेमा थाहा थिएन । धेरैपछि बैंकमा खाता खोलेको हुँ । फिल्म साइन गरेको पैसा लिए पनि म विन्दास खालको मान्छे थिएँ । उस्तै परे म घरको ढोका पनि नलगाई हिँड्थेँ ।

**आजको विचार...**



दुर्गा प्रसाद अर्याल

**प्रर्दशन...** *(दुई पेजमा)*

अभिनेता दयाहाङ राई र अभिनेत्री मिरुना मगरको मुख्य भूमिका रहेको फिल्म 'घर ज्वाइँ'को टिजर सार्वजनिक गरिएको छ । निर्माण टिमले फिल्मको प्रचारका लागि टिजर बाहिर ल्याएको हो । सार्वजनिक टिजरमा दयाहाङले मिरुनालाई पाउन गरेको संघर्ष प्रस्तुत गरिएको छ । टिजर हेर्दा दर्शकले फिल्ममा मगर संस्कार र संस्कृतिलाई नजिकबाट नियाल्ने अनुमान गर्न सकिन्छ । अनिल बुढा मगरको निर्देशन रहेको फिल्म जनक घर्ती मगरले निर्माण गरेका हुन् । फिल्मको केही साता अघि पोष्टर सार्वजनिक गरेको थियो ।



❐ वर्ष २९ ❐ अंक २८३ ❐ २०८१ वैशाख ३१ गते सोमबार 13 May 2024, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### बाढीमा परी १५ जनाको मृत्यु

(रासस/सिन्ह्वा)

**जाकर्ता,** वैशाख ३०/इन्डोनेसियाको पश्चिम सुमात्रा प्रान्तको अगाम रिजेन्सीमा शनिबार साँझ आएको बाढीका कारण १५ जनाको मृत्यु भएको र अन्य दर्जनौं घाइते भएको राष्ट्रिय प्रकोप व्यवस्थापन निकाय (बिएनपिबी) ले जनाएको छ ।

बिएनपिबीका प्रवक्ता अब्दुल मुहारीले आइतबार ११ जनाको शव कान्डुआङ जिल्लामा र चारवटा सुङ्गाई पुआ जिल्लामा भेटिएको जानकारी दिए । घाइतेहरूको अस्पतालमा उपचार भइरहेको छ । भारी वर्षापछि आएको बाढीले कान्डुआङ, सुङ्गाई पुआ र आइभी कोटो जिल्लामा क्षति पुर्याएको थियो । कान्डुआङ जिल्लामा आवासीय घर, सार्वजनिक सुविधा र पसललगायत ९० वटा भवन डुबानमा परेका छन् । यसैबीच चौथो कोटो जिल्लामा ६० जना विस्थापित भएका छन् भने २० पसल र एउटा विद्यालय भवन प्रभावित भएका छन् । आपत्कालीन अवस्थाको जवाफमा डाटा निरन्तर अपडेट गरिरहने प्रयासहरू भइरहेका छन् ।

# नवप्रवर्तन कार्यक्रमका लागि लुम्बिनी प्रदेशका ११ पालिका छनोट

## पाल्पाका दुई, गुल्मीका तीन


हाम्रा संवाददाता

**पाल्पा,**वैशाख ३०/मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि पाल्पा, गुल्मीसहित लुम्बिनी प्रदेशका ११ स्थानीय तह छनोट भएका छन् । नवप्रवर्तन साझेदारी कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गरेका ६० वटा स्थानीय तह मध्ये लुम्बिनी प्रदेशका ११ स्थानीय छनोट भएका हुन् ।

कार्यक्रममा लागि पाल्पाको रिब्दीकोट गाउँपालिका र तिनाउ गाउँपालिका रहेका छन् । रिब्दीकोटले रिब्दीकोट अकबरे, बेसार र सुन्तलाको मुल्यशृंखला विकास कार्यक्रम र तिनाउले आर्थिक तथा सामाजिक विकासका लागि







समुदायमुलक पर्यटन (होमस्टे प्रवर्द्धन) सँगै उद्यमशीलता कार्यक्रमका लागि छनोट भएका हुन् । यस्तै गुल्मीको गुल्मी दरबार गाउँपालिका, रेसुङ्गा नगरपालिका, कालिगण्डकी गाउँपालिका, दाङको राप्ती गाउँपालिका, आर्घाखाँचीको भूमिकास्थान नगरपालिका,सन्धिखर्क नगरपालिका, बर्दियाको बाँसगढी नगरपालिका, रोल्पाको त्रिवेणी गाउँपालिका,रुपन्देहीको गैडहवा गाउँपालिका रहेका छन् । जहाँ गुल्मी दरबार गाउँपालिकाले फलफुल तथा तरकारी खेती प्रवर्द्धन कार्यक्रम, राप्ती गाउँपालिकाले बेसार/अदुवा उत्पादन तथा प्रसोधन उद्योग स्थापना तथा सञ्चालन आयोजना, भूमिकास्थान नगरपालिकाले आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्न कृषि जन्यवस्तु तथा हस्तकलाका सामग्रीहरु उत्पादन र बजारीकरणको लागि सुचिकृत बेरोजगार जनशक्ति परिचालन कार्यक्रम, बाँसगढी नगरपालिकाले जैविक कृषि प्रवर्द्धन आयोजना, त्रिवेणी गाउँपालिकाले युवा रोजगारी तथा स्वरोजगारीको लागि दिगो कृषि परियोजना, रेसुङ्गा नगरपालिकाले रेसुङ्गा क्षेत्रमा पर्यटन प्रवर्द्धनका लागि साहसिक खेल जिपलाइन तथा स्काई साईक्लिंग निर्माण योजना सम्बन्धि परियोजना सञ्चालन गर्नका लागि छनोट भएका छन् । यस्तै कालिगण्डकी गाउँपालिका सुन्तलाजात फलफुल तथा तरकारी खेतीमा कृषि प्रविधि, प्रशोधन र दिगो कृषि विकास परियोजना, गैडहवा गाउँपालिका आर्थिक तथा सामाजिक विकासमा गैडहवा, सन्धिखर्क नगरपालिका सामुदायिक विद्यालयमा आधारभूत शिक्षाको गुणस्तर सुधारको लागि इ सिकाई र डिजिटल शिक्षा परियोजनाका लागि छनोट भएको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले जनाएको छ ।

प्रदेश सरकारले नयाँ उद्यमी र उत्पादन वृद्धि तथा रोजगारी सिर्जना गर्न सो कार्यक्रम ल्याएको हो । उसले चालु आर्थिक वर्षमा कार्यक्रम सञ्चालनका लागि स्थानीय तहसँग प्रस्ताव आह्वान गरेको थियो । जसका लागि ६० वटा स्थानीय तहले प्रस्ताव पेश गरेका थिए । उनीहरूले आनो योजनासहित प्रस्ताव पेश गरेका हुन् । प्रदेश सरकारले प्रस्ताव पेस गर्नका लागि गत माघ १५ गते सूचना प्रकाशित गरेर ३० दिनको समय दिएको थियो । प्रदेशका १०९ पालिकामध्ये ६० वटा पालिकाले कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेस गरेको पनि ११ वटा स्थानीय तह मात्र छनोट हुन सफल भएका हुन् । मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८० बमोजिम गत माघ १५ मा प्रकाशित सूचना बमोजिम पेश हुन आएका प्रस्तावहरू मध्ये सोही निर्देशिकाको परिच्छेद २ को दफा ९ बमोजिम मुल्यांकन भई गत फागुन २४ गतेको निर्देशक समितिको निर्णयानुसार प्रदेशका ११ स्थानीय तहको नाम स्वीकृत गरिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले एक सूचना प्रकाशित गरी जानकारी गराएको छ । छनोट भएका पालिकामा कार्यक्रम सञ्चालनका लागि १८ करोड ६० लाख रकम प्रस्ताव गरिएको छ । जसमध्ये १० करोड ८८ लाख प्रदेश सरकारबाट र सात करोड ७१ लाख पालिकाले बेहोर्नुपर्ने छ । लागत सहभागिताको आधारमा कार्यक्रम सञ्चालन गरिने प्रदेश सरकारले जनाएको छ । छनोट गरिएका पालिकामा कृषि, फलफूल, तरकारी क्षेत्रमा पाँचवटा, उत्पादन रोजगार सम्बन्धी तीनवटा, पर्यटन सम्बन्धी दुई र सेवा प्रभाव क्षेत्रको एक क्षेत्र रहेका छन् । निर्णय भएसँगै अब कार्यान्वयनको प्रक्रियामा अगाडि बढ्ने प्रदेश सरकारले जनाएको छ ।

## बालमैत्री वातावरण बनाऔं

बालबालिकालाई :

- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- खाने तरिका र अनावश्यक वस्तुहरु डस्टबिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाल्न सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं,
- अभिभावक बाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलव्ध गराऔं,
- बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं,

नेपाल सरकार

विज्ञापन बोर्ड

# स्थायी आवास बनाइदिन इस्माका अग्निपीडितको माग

**तम्घास (गुल्मी),**वैशाख २९/ गुल्मीको इस्मा गाउँपालिकामा यही वैशाख ८ र ९ गते आगलागी हुँदा वडा नं. २ सिन्दुखा र वडा नं. ४ को हुल र कोटकोटेरीको सिङ्गो गाउँ सखाप भयो । आफ्नो घर-गोठ जलेपछि पीडित छिमेकीकोमा रात कटाए पनि उनीहरुले स्थायी आवासको व्यवस्था मिलाइदिन सरकारसँग माग गरेका छन् ।

इस्मा गाउँपालिका-४ दोह्रोली कोटकोटेरीका बिमला अधिकारीले छ वर्षअघि दुईतले घर बनाइन। घर बनाउँदा लागेको ऋण तिर्न श्रीमान् परदेश जानुपर्‍यो । नयाँ घरमा छोराछोरीसहित बिमलाले जेनतेन गुजारा चलाइहेकी थिइन । तर बिमलाको परिवारलाई नयाँ घरमा धेरै समय बस्न भाग्यले दिएन । वैशाख ८ र ९ गते लागेको भीषण आगलागीले उनको घर र गोठ जलेर पूर्ण रुपमा नष्ट भयो । 'घर जलेको खबर मैले श्रीमानलाई भन्नै सकेकी थिइन्, तर नभनी पनि भएन',



उनले भनिन्,'ऋणमाथि बनाएको घरसँगै खुसी पनि जलेको छ', उनले अहिले पनि घर बनाएको ऋण भएको बताइन् । श्रीमान् रोजगारीका लागि रोमानिया गए पनि त्यहाँ सोचेजस्तो कमाइ नभएकाले अहिले तत्काल घरमा पैसासमेत पठाउन नसक्ने बताएको बिमलाले सुनाइन । उनका छोराले एसइई दिएका छन् भने छोरी गाउँकै विद्यालयमा कक्षा ५ मा प्रथम भएकी थिइन् । तर छोरीले पाएको पुरस्कार पनि घरसँगै जलेको छ । बिमलाको परिवार अहिले छिमेकीको घरमा गुजारा चलाएर बसेको छ । 'सधैंभरि छिमेकीकोमा बस्ने कुरा पनि भएन, सरकारले स्थायी आवास बनाइदिए राम्रो हुने थियो', उनले भनिन् । सोही आगलागीमा परेर कोटकोटेरीको सुरेन्द्र विकको पनि घर जल्यो । छोराको परिवार एउटै घरमा दुई परिवार भएर बसेका थिए । छोरा-बुहारीले टेलरिङ पसल सञ्चालन गरेका थिए भने सुरेन्द्र र उनकी श्रीमतीले किराना पसल सञ्चालन गरेका थिए । त्यसबाट उनीहरुको जीविकोपार्जन भएको थियो । तर वैशाख ९ गतेको आगोले उहाँहरुको घर, लत्ताकपडासँगै खुसी पनि जल्यो ।

पहिले गाउँमै व्यापार गरिरहेका विक परिवार अहिले आवासको खोजीमा छ । 'भएको घर जल्यो, अहिले छिमेकीकोमा बसेर गुजारा चलाएका छौँ', विकले भने, 'हामीलाई जतिसक्दो छिटो स्थायी आवासको व्यवस्था भएमा पहिलेकै जिन्दगीमा फर्कने कोसिस गर्ने थियौँ ।' कोटकोटेरीकै बलबहादुर दर्जीको पनि आगोमा परी दुई घर र एउटा गोठ जल्यो । अहिले छिमेकीको घरमा बस्दै आएका दर्जी आफू सानोमा पनि आगोमा परेर भाग्यले बाँचेको सम्झन्छन् ।

-...बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## सहकारीपीडितलाई छिटो न्याय देऊ

आम सर्वसाधारणको पसिनाको कमाइ सहकारीले फिर्ता नगरेपछि चलेको रुवावासी झण्डै एक वर्ष पुग्न लाग्यो तर सरकारले सुने नसुने झैं गरेको छ । सहकारीबाट बचत फिर्ताको माग गरेर आन्दोलनमा उत्रेका पीडितले पटक–पटक सरकारसँग सम्झौता गरे पनि अझैसम्म फिर्ता पाउन सकेका छैनन् । सर्वसाधारणहरुको पसिनाको कमाइको रुपमा रहेको बचत सहकारी सञ्चालकहरुले नै खाएर हिनामिना गरेपछि त्यसबारेमा सरकारले केही गर्छ कि भन्ने आशसमेत अहिले निकै कमजोर हुँदै गएको छ । देशभरिका सहकारी सदस्यहरुको संख्यालाई हेर्ने हो भने त्यो ७५ लाखभन्दा बढी छ । त्यसमध्ये पनि अधिकांश त आर्थिकरुपमा सक्षम नभएका समुदाय छन् । भविष्यका लागिसमेत केही आडभरोसा भैहाल्छ कि भन्ने सोचले खाइनखाई यति ठूलो सर्वसाधारणको संख्याले जम्मा गरेको पसिनाको कमाइ पनि अरबौं रकमबराबर छ । यस्तो अवस्थामा एकपछिअर्को सहकारी घोटालाहरुको पर्दाफास हुँदै गए पनि सरकारले समेत फरार रहेका अधिकांश सहकारी सञ्चालकहरुलाई पक्राउ गर्न नसक्दा बचतकर्ताहरुको अरबौं रकम डुब्ने अवस्था आएको छ, जसले उनीहरु हाल निराश हुन बाध्य छन् ।

सरकार र सरोकारवाला सत्ता संरक्षणमा लागेर बचतकर्ताको पीडा र भावनासँग खेलबाड गरिरहेको पाइन्छ । पीडितलाई आश्वासन देखाएर सहकारी ठगी गर्ने र पसिनाको पैसामा मस्ति गर्नेहरुलाई उम्काउने र ढाकछोप गर्ने कार्यमै सरकार लागेकाले कसरी सहकारी पीडितले न्याय पाउन सक्छन् ? यो अहम प्रश्न बनेको छ । सहकारीको रकम अपचलन गरेको आरोपमा स्वयं सरकारका गृहमन्त्री रवि लामिछाने नै मुछिएका छन् । प्रमुख प्रतिपक्ष दल नेपाली काँग्रेसले संसदमा संसदीय छानविन समिति बनाउन भन्दै आन्दोलन गर्दै आए पनि सरकारले अहिलेसम्म पनि चासो देखाएको छैन । यसबाट पनि सरकार सहकारी पीडितप्रति गम्भीर नभएको स्पष्ट हुन्छ । प्रमाणहरु फेला परेको र कतिपय त पुष्टि नै भैसकेको अवस्थामा समेत आरोपितहरुलाीई कारवाहीको दायरामा ल्याउन नसक्नु दुखद् हो । अब पनि पीडितहरुको जायज माग सम्बोधन नहुने र यसरी समयको बरवादीमात्रै गरिरहने हो भने आगामी दिनमा प्रत्युत्पादक स्थिति देखा नपर्ला भन्न सकिदैन । यसर्थ सहकारी पीडितहरुलाई न्यायको प्रत्याभूति दिन सरकारले यथाशीघ्र अग्रसरता देखाउन जरुरी छ ।

### Opinion @ Social Network

अरुको विचारमा सफ्लताको परिभाषा के हो मलाई थाहा छैन्, तर मेरो विचारमा सफलता भनेको टन्न पैसा कमाउनु हो ।

*(युवरान मगरफेसबुक स्टाटसबाट* https://www.facebook.com/youbarajmagar

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# प्रदर्शन प्रभाव,परनिर्भरता र नेपालको अर्थतन्त्र



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

समय परिवर्तनशील छ । मानिसका इच्छा, आवश्यकता र विचार तथा दैनिकी पनि परिवर्तन हुँदै गहिरहेको देखिन्छ । सधैं परम्परालाई आत्मसाथ गर भन्नु पनि मुर्खता हो तर आफ्नो धरातल बिर्सेर अधिक आधुनिकतामा रमाउनु पनि अर्को ठूलो मुर्खता हो । ऐन कानुन ,नीति नियम र शासनको कार्य शैलीमा प्रदर्शन प्रभाव त यो देशमा परेकै थियो । त्यो भन्दा बढी प्रभाव आजभोली हाम्रो सामाजिक परिवेश र नागरिकको दैनिक व्यवहारमा प्रदर्शन प्रभावले गाजिएको देखिन्छन् । यसले हाम्रो आर्थिक पक्षलाई मात्रै हैन् सामाजिक ,सास्कृतिक रितीरिवाज तथा परम्परा माथि हस्तक्षेप गरेको देखिन्छ । खुला अर्थतन्त्र र सामाजिक सञ्जालले यस पक्षको प्रोत्साहनमा थप सहयोग पुऱ्याएको देखिन्छ । आज भोली ब्यक्ति ,परिवार तथा समाज फजुल खर्च र देखासिकीमा रमाएको देखिन्छ । यसले स्वयम परिवार र समाजलाई मात्रै होईन सिगो देशलाई नै परनिर्भरता तर्फ धकेल्दै लगेको देखिन्छ । यसको प्रत्यक्ष असर नेपालको समग्र अर्थतन्त्रको स्थितिमा परेको देखिन्छ । यसले नागरिकलाई भन्दा बढी प्रभाव सरकारको आर्थिक लक्ष्य, आर्थिक वृद्धि, आर्थिक समृद्धि, प्रति व्यक्ति आयमा वृद्धि, आयात व्यापारको अंश कटौतीमा परेको देखिन्छ । यहाँ प्रदर्शन प्रभाव,परनिर्भरता र नेपालको अर्थतन्त्रमा यसको प्रभावसँग सम्बन्धित विविध पक्षलाई लिएर चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

**प्रदर्शन प्रभाव र परनिर्भता :**
प्रदर्शन प्रभाव एक प्रकारको मानविय व्यवहार हो जसले अरुको देखासिकी र नक्कललाई दैनिक जीवनमा अबलम्वन र अभ्यास गर्दछ । विशेष गरेर यसले नेपाली आमनागरिक, परिवार तथा समाजमा सकरात्मक भन्दा बढी नकरात्मक प्रभाव पारेको देखिन्छ । यसले आय भन्दा बढी व्यय बढाउदै लगेको छ भने आफ्नो आर्थिक हैसियत, सामाजिक परिवेश भन्दा माथि उठेर गरिने यस्ता नक्कलहरुले आर्थिक र सामाजिक रुपमा विभिन्न समस्याहरु सिर्जना गरेको देखिन्छ । यसको उदाहरण हो, स-साना चाडपर्व मनाउँदा पनि ठूलो खर्च गरेर धुमधामले मनाउने गरेको देखिन्छ । सुख होस् या दुख जुनसुकै घटनामा केक काट्नै पर्ने,ऋण खोजी खोजी तामझाम गर्नु पर्ने, भोजभतेरमा रमाउने र जीवनभर ऋणको भारी बोक्नु पर्ने, उठीबास हुने अवस्था आदि पर्दछन् । प्रदर्शन प्रभावले नेपाली समाजलाई आधुनिकताको नाममा सकरात्मक भन्दा नकरात्मक प्रभाव बढीनै पारेको हो की ? सजिलै अनुमान लगाउन सकिन्छ । यस प्रभावले धर्म संस्कृति र रितीरिवाज मनाउने क्रममा परम्परागत पक्ष हराएको अनुभूति गराएको छ । हिजो बेचेर आर्थिक पक्ष सुधार गर्ने, रमाउने हामी आज किनेर उपभोग गर्दा गर्व महशुस गर्न थालेका छौ । आम्दानी खर्च हिसाब किताव नै नगरी आधुनिकतामा रमाउन थालेका छौ । फजुल र अनावश्यक खर्चको दरलाई

> ***आम्दानी खर्च हिसाब किताव नै नगरी आधुनिकतामा रमाउन थालेका छौ । फजुल र अनावश्यक खर्चको दरलाई बढाउदै लगेका छौं । वर्तमानको मात्रै चिन्ता गरिरहेका छौ, भविश्यको चिन्ता गर्न छोडि सकेका छौ । यसले नेपाली परिवारको भान्छामा पकाउने कुरामा परिवर्तन आएको छ । यसले दैनिक लागत बढाएको छ । प्रदर्शन प्रभावका कारण उत्पन्न यस्ता क्रियाकलापले व्यक्ति, परिवार, समाज तथा सिंगो देशलाई नै परनिर्भता तिर धकेल्दै लगेको देखिन्छ । अर्थतन्त्रमा समस्या सिर्जना हुनुको एक कारण बनेको छ प्रदर्शन प्रभाव । नाम मात्रैको कृषि प्रधान देशको कुरा गर्दै अरु कुरा त छोडौ हरीयो तरकारीको लागि पनि विदेश तिर ताक्नु पर्ने बाटोमा हामी हिडिरहेको देखिन्छ । यातायात र इन्टर नेट पुगेको ठाउँमा सगै पुगेको छ प्रदर्शन प्रभाव अनि प्रदर्शन प्रभावले साथ दिएको छ परनिर्भरतालाई । अन्यको त कुरै छोडौ सामान्य दैनिक उपभोग्य वस्तुको आयात अत्याधिक बढाउदै लैजानुले हाम्रो परनिर्भर अर्थतन्त्र दिनप्रती दिन झनै परनिर्भर हुँदै गएको देखिन्छ ।***

बढाउदै लगेका छौं । वर्तमानको मात्रै चिन्ता गरिरहेका छौ, भविश्यको चिन्ता गर्न छोडि सकेका छौ । यसले नेपाली परिवारको भान्छामा पकाउने कुरामा परिवर्तन आएको छ । यसले दैनिक लागत बढाएको छ । प्रदर्शन प्रभावका कारण उत्पन्न यस्ता क्रियाकलापले व्यक्ति, परिवार, समाज तथा सिंगो देशलाई नै परनिर्भता तिर धकेल्दै लगेको देखिन्छ । अर्थतन्त्रमा समस्या सिर्जना हुनुको एक कारण बनेको छ प्रदर्शन प्रभाव । नाम मात्रैको कृषि प्रधान देशको कुरा गर्दै अरु कुरा त छोडौ हरीयो तरकारीको लागि पनि विदेश तिर ताक्नु पर्ने बाटोमा हामी हिडिरहेको देखिन्छ । यातायात र इन्टर नेट पुगेको ठाउँमा संगै पुगेको छ प्रदर्शन प्रभाव अनि प्रदर्शन प्रभावले साथ दिएको छ परनिर्भरतालाई । अन्यको त कुरै छोडौ सामान्य दैनिक उपभोग्य वस्तुको आयात अत्याधिक बढाउदै लैजानुले हाम्रो परनिर्भर अर्थतन्त्र दिनप्रती दिन झनै परनिर्भर हुँदै गएको देखिन्छ । आत्मनिर्भर अर्थतन्त्र र राष्ट्रियताको चर्को भाषण गर्ने, यो देशको राष्ट्रियताको ठेक्का नै लिएजस्तो गर्ने राजनीतिक दलका नेतृत्व, आवश्यक योजना तथा ऐन कानुनको निमार्णमा भने वेखवर जस्तै देखिन्छन् । यहि कारण राज्यले उपयुक्त नीति बनाई आत्मनिर्भरतालाई जोड दिन सकेको देखिदैन् । उनीहरु देश विकास र जनताको जीवनस्तर सुधारका लागि हैन । सत्ता प्राप्ति यसैको खेलमा समय बेथित गर्दै लगेको देखिन्छ । आन्तरिक आम्दानीका स्रोतको खोजि नगर्ने सहयोग र अनुदानका भरमा राज्य सञ्चालन गर्ने राजनीतिक नेतृत्व परनिर्भतालाई प्रोत्साहन गर्ने पक्षमा सबै भन्दा बढी दोषी देखिन्छन् भने साथ दिदैछन् प्रदर्शन प्रभावमा परी आधुनिकतामा रमाउने अभ्यास गर्दै गरेको नागरिक अनि समाज ।

**प्रदर्शन प्रभाव ,परनिर्भरता र नेपालको अर्थतन्त्र :**
सार्वजनिक ऋण र आयात व्यापारको अंश दिनप्रती दिन बढ्दै जानु नेपालको अर्थतन्त्रको सबै भन्दा ठूलो समस्या हो । यसले नेपालको अर्थतन्त्रलाई जटिल बनाउदै लगेको देखिन्छ । अर्थतन्त्र जति सुकै जटील होस् सरकार र यसका समर्थक सकरात्मक कुरा गर्ने, सफलताको रुपमा यसलाई लिने, ढाकछोप गर्ने प्रवृती सबै भन्दा खतरनाक पक्ष हो कुनै पनि देशको अर्थतन्त्र सुधारका लागि । यहि दोष लुकाउने प्रवृत्तीले नेपालको अर्थतन्त्र परनिर्भर बन्दै गएको देखिन्छ । सरकारहरु आर्थिक वृद्धि, कुल ग्राहस्थ उत्पादनमा वृद्धि, समृद्धिका चर्का नारा लगाउने तर आत्मनिर्भर अर्थतन्त्रतर्फ चासो नदेखाउनु अर्थतन्त्रमा समस्या उत्पन्न हुनुको एक कारण हो । अर्थतन्त्र सुधारमा चासो देखाउने अर्थमन्त्री र सरकारले आत्मनिर्भर अर्थतन्त्रका लागि कदम चाल्नु अनिवार्य देखिन्छ । मागेर र भिख मागेर संघीयता र संविधान सफल बनाउने दिवा सपना देख्ने राजनीतिक नेतृत्वको प्रवृत्ती रुपान्तरण हुनु जरुरी देखिन्छ सबल अर्थतन्त्रको सबालमा । नेपालको अर्थतन्त्रमा पछिल्लो समय देखिएको मुख्य बाधक नेपाली समाजमा बढ्दै गएको प्रदर्शन प्रभाव र यसले बढाउदै लगेको परनिर्भर अर्थतन्त्रनै हो ।

**अब के गर्ने त ?**
प्रदर्शन प्रभाव, परनिर्भता र कुनै पनि देशको अर्थतन्त्रको विविध पक्ष एक अर्काका परिपुरकका रुपमा विकसीत हुँदै गऐको देखिन्छ । कुनै पनि देशको अर्थतन्त्रलाई सबल बनाउनका लागि पछिल्लो समय बढ्दै गऐको प्रदर्शन प्रभावलाई नियन्त्रित र व्यवस्थित बनाउन जरुरी देखिन्छ भने यसो गर्न सकेमा परनिर्भर अर्थतन्त्रलाई आत्मनिर्भर अर्थतन्त्रमा रुपान्तरण गर्न केहि सहयोग पुग्ने देखिन्छ । यहाँ केहि सुधारत्मक पक्षलाई उल्लेख गर्ने प्रयास गरिएको छ ।

-राजनीतिक स्थिरता र स्थायी सरकारको वाताबरण बन्नु पर्ने ।
- दोष पूर्ण सरकारी नीतिमा सुधार गर्ने ।
- आयात नीतिमा सुधार गर्ने ।
- जनतामा सचेतना वृद्धि गर्ने ।
- औद्योगिकरण र व्यबसायिक कृषिमा जोड दिने ।
- देश भित्रका स्रोत साधनको परिचालनको योजना बनाउने ।
- लगानी मैत्री वातावरण बनाउने , स्वदेशी लगानी कर्तालाई प्रोत्साहन गर्ने ।
- कर तथा भन्सार नीतिमा सुधार गर्ने ।
- विलासीता बस्तुको आयात नीति बनाउने ।
- वचतका लागि प्रोत्साहन,सुरक्षा र परिचालनमा जोड दिने ।
- रेमिटान्सको प्रयोग अत्याधिक रुपमा फजुल खर्चमा प्रयोग गरेको देखिन्छ । यसलाई व्यवस्थित गर्ने ।
- दैनिक उपभोग्य वस्तुको उत्पादनमा जोड दिई ,यस्ता वस्तुको आयात निरुत्साहित गर्ने ।

**निष्कर्ष :** अर्थतन्त्रका कुरा गर्ने, अर्थतन्त्रलाई राजनीतिक मुद्धा बनाउने, अर्थतन्त्रलाई सरकारको सफलताको आधार बनाउने तर यसमा सुधार गर्नै पर्ने पक्षमा भने खासै ध्यान नदिने सरकार र सरकारका अर्थमन्त्रीका कार्यशैली अर्थतन्त्र समस्या ग्रस्त हुनुको मुख्य कारण हो । जहाँ समस्या छ उपचार त्यही गरियो भने सफलता र समाधान हात पर्दछ तर यस्तो खालको उपचार गर्न सरकारहरु विगतमा चुकेको देखिन्छ । अब यसो हुनुहुँदैन । अर्थतन्त्रलाई विरामी र सुस्त अवस्थामा पुऱ्याउने एक कारण हो नागरिकहरुमा पछिल्लो समय तिव्र रुपमा विकास भएको प्रदर्शन प्रभाव र यसले सिर्जना गरेको परनिर्भरता । यस पक्षमा सुधार र उपचार गर्न सकेमा नेपालको अर्थतन्त्रले सहि उपचार पाउने देखिन्छ । यसका लागि समवद्ध सबै आ-आफ्नो ठाउँबाट लाग्न जरुरी छ ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : शुभकार्यको चर्चा चल्नेछ । साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । | **तुला** : लगनशीलततले उपलब्धि हात पार्न सकिएला । कुलतमा मन जानेछ । |
| **वृष** : दाम्पत्य जीवन सुखमय हुनेछ । बोलीको प्रभावले मन जित्न सकिनेछ । | **वृश्चिक** : दिन भाग्यशाली भएर देखा पर्नेछ । वैदेशिक क्षेत्रका सफलता मिल्नेछ । |
| **मिथुन** : जोशजाँगर र हिम्मत बढ्ने छ । दैनिक कार्यहरूमा प्रगति हुनेछ । | **धनु** : रमणीय र सुखद् यात्राको योग छ । नयाँ वस्त्र, अलंगारको प्राप्ति हुनेछ । |
| **कर्कट** : इच्छा पूर्ण हुनेछन् । ठूला व्यक्तिले मेहनतको प्रशंसा गर्नेछन् । | **मकर** : शेयर बजार या ठूलो लगानी गर्नु जोखिमपूर्ण छ । अतिथिको आगमन हुनेछ । |
| **सिंह** : गरेको काममा ढिलासुस्ती हुनेछ । दबाब र तनाव बढेको महसुस हुनेछ । | **कुम्भ** : रतिराग बढाउने समय छ । विचार गरेर निर्णय लिनु उचित होला । |
| **कन्या** : नयाँ र शुभकार्यको चर्चा चल्ने छ । अकस्मात् धन सम्पत्ति हात पर्नेछ । | **मीन** : धर्म, कर्म, परोपकार, समाजसेवा जस्ता कार्यमा मन जाला । |

## शिक्षा

# ज्ञान कहाँबाट आउँछ ?



हरेक मानिसको अनुहार फरक फरक भए जस्तै बिचारहरुमा पनि बिबिधता हुन्छ । बिचारहरुको निर्माण त परिवेश बाताबरण, सरसंगत र शिक्षाले नै बनाउँछ । बिचार आमाको संम्पर्कबाट बन्न शुरु हुन्छ र परिवारले यसलाई मलजल गर्दछ । छिमेक साथीभाइ र विद्यालयमा पुगेपछि यो फराकिलो बन्छ । आजकल इन्टरनेट र मोवाइलको कारण बिचार र ज्ञानको दायरा छिट्टै बढेर बिश्वव्यापी बन्दै गैरहेको छ । सबै भन्दा धेरै आफ्नै परिवेश र वातावरणले मानिसको बिचार बनाउन ठूलो भूमिका खेलेको हुन्छ । जसमा सामाजिक आर्थिक र राजनीतिक वातावरण मूख्य हुन् । बाताबरण एउटै भयपनि प्रत्येकले भोगेको सत्यहरुमा बिबिधता हुन सक्छ । भोगाइ अनुसार बिचार निर्माण हुने भयकाले प्रत्येकका बिचारमा पनि आफ्नो पन हुन्छ नै । यसैले आफ्नै जस्तो बिचार अरुको भयन भनेर कुरा काट्दै हिंड्ने प्रवृत्ति गलत हो । यसको लागि अरुलाई र संसारलाई हेर्ने दृष्टिकोण सकारात्मक बनाउनुपर्छ । अरुले गलतै गरेको भयतापनि त्यो परिवेशले बनाएको तथ्य हो भन्ने सम्झनुपर्दछ । सबैसँग सँगै हिँडेर मात्र अरुको कुरा पनि बुझ्न सकिन्छ । आफ्नो पनि अरुलाई बुझाउन सकिन्छ । मानिस सामाजिक प्राणी भएकाले एक्लै हिँड्न उसलाई निकै गाह्रो महसुस हुन्छ । त्यो सम्भव पनि छैन । जुन दिन उसका हातपाखुरा चल्न छोड्छन, त्यो दिन फेरि पनि उ समाजवाट छुट्दै र एक्लो हुँदै जाने अनुभव हाम्रा बृद्ध अग्रजहरुले बुझ्नु भयको तथ्य हो । एउटा बच्चा जन्मने बित्तिकै डाको छोडेर रुन्छ । किन रुन्छ यसको बारेमा केही अध्ययन गर्नु भएको छ ? बच्चालाई कसैले केही गरेको पनि हुँदैन। यसको मतलव यो हो की बच्चा एक्कासी नयाँ वातावरणमा आइपुग्यो । उसलाई एकदमै असहज महसुस भयो । जसको कारणले उ रोयो। बिस्तारै उ अब भोक लागेपछि मात्र रुने हुन्छ । रोएपछि उसले दुध खान पायो। अब बच्चा र आमा दुबैले एउटा, एउटा बिचार र ज्ञान हासिल गरे । भोक लागेपछि बच्चा रुन्छ भन्ने ज्ञान आमालाई भयो । बच्चालाई पनि रोए पछि दुध पाइन्छ भन्ने ज्ञान भयो । यसबाट धारणा बिचार र ज्ञानको उत्पत्ति ब्यबहारबाट हुने रहेछ भन्ने कुरा बुझियो । तलका बिविध व्यबहारबाट ज्ञानको उत्पत्ति हुनेगर्छ । जो यस प्रकार छ:

-सामाजिक आर्थिक राजनीतिक कामहरु
-उत्पादनको काममा गरिने व्यबहार जस्तै कृषि र औद्योगिक कर्महरु
-बैज्ञानिक प्रयोगहरु
-बिचारहरुको निर्माणमा बिश्वास र अन्धबिश्वास

तथ्यको आधारमा सत्य खोज्ने कुरा बिज्ञानको तरिका हो । सत्य र तथ्यको वास्ता नगरी बिश्वास गरिने कुरालाई अन्ध बिश्वास भन्ने गरिएको छ। सबै भौतिकबादीहरु अन्ध बिश्वासको बिरोध गर्दछन् । यसैगरी अध्यात्मबादीहरु पनि भौतिकवादको बिरोध गरिरहेका हुन्छन् । कोरा भौतिकवादीहरु र कोरा आध्यात्मवादीहरु दुवै सत्यमा अडिएका छैनन् भन्ने लाग्छ । यसका केही प्रमाणित आधारहरु छन । यी दुवैको बिश्वास अन्धबिश्वासमा अडेको छ। यस धर्तीमा यस्ता कयौं कुराहरु छन्, जो समाजमा घटित घटना परिघटनाहरु हुन् । तर यसलाई भौतिकवादीले अन्धविश्वास भनेर टारेका छन् । अध्यात्मवादले इश्वरको लिला भनेर चित्त बुझाएका छन् । अथवा सैतान भूतप्रेत भनेर भयभित बनाएका छन् । तर यस्ता कुराहरु बिज्ञानले प्रमाणित गर्न बाँकी तथ्यहरु हुन् । यस धर्तीमा सकारात्मक र नकारात्मक उर्जाहरु घुमिरहेका हुन्छन् । यस्ता उर्जाहरु मानव समाज र यस प्रकृत्तिबाटै उत्पत्ति भएका हुन् । मानिसका बिश्वास र मान्यताकै उपज पनि हुन् । जुन भुत प्रेत वा ईश्वरको रुपमा मानिसलाई नै तर्साइरहेका छन । तपाईंले नजान्दा रेडिओ पनि एउटा भूत, सैतान वा ईश्वर हो । टेलिभिजन त अझ ठूलो ईश्वर हो वा महा चण्डाल हो । यी दुई उपकरणहरु मानिसको पहुँच भित्र भएकाले हामीलाई सामान्य लाग्छन् । यस्ता धेरै बिज्ञानका तथ्यहरु प्रकृतिमा गुपचुप रहेका छन् । त्यही तथ्यहरु नै हाम्रा लागि भूत प्रेत वा ईश्वर हुन् । अर्को उदाहरण बिना चालक गुड्ने कार पनि हो । भन्नुस् गज्जव छैन त ? यो त दिउँसै भूतले गाडि चलाएको भएन र ?

**बिचारहरु निर्माणमा जीवनका धुन**

हार्मोनियम र गीतारको तारबाट कलाकारले स्वर र धुन निकाल्नुहुन्छ । यसैगरी प्रत्येक मानिसमा पनि केहि न केहि धुन बिद्यमान हुन्छ । त्यस्तो धुन मानिसका दु:ख र संघर्षका आयामहरुबाट उत्पन्न भएका पनि हुन सक्छन् । जीवनका सुख र आनन्दबाट श्रृतिज पनि हुन सक्छन् । जीवनका सफलताबााट श्रृजित पनि हुन सक्छन् वा असफलताबाट उत्पन्न भएको पनि हुन सक्छन् । प्रत्येक मानिसमा यो हुने नै गर्दछ । प्रत्येक मानिसमा हुने मानवीय र सामाजिक भावना तथा निजी भावनाले उसमा हुने आदर्श बिचार कति छ ? भनि मापन गर्न पनि सकिन्छ । तैपनि समस्या नै समस्यामा जडकिएकाका लागि आदर्श बिचार परिकल्पनाको बस्तु बाहेक केही हुन सक्तैन । दालभात खानकै लागि दिनरात मेहनत गर्दा पनि पुग्दैन भने अन्तरिक्षमा सयर गर्ने कुरा कसरी कल्पना गर्न सकिन्छ? अरु ठूल ठूला कुरा सोच्नु बेकार हुन्छ। सबै कुरा आ-आफ्नो परिवेश र परिस्थितिमा भर पर्ने कुरा हो । कतिपयलाई मैले जस्तै उसले किन गरेन ? भन्ने पनि लाग्न सक्छ । यस्तो अभिव्यक्त भएकै पनि सुनिन्छ । सबैको अबस्थाले कुन काम गर्न सक्ने र नसक्ने भन्ने कुराको ग्यारेन्टी हुन्छ । कस्तो बिचार र योजना बन्छ भन्ने कुराको पनि यकिन हुन्छ । यस्तै मानिसको सौख, चाहना वा इच्छा शक्तिले पनि यसमा भूमिका खेलेको हुन्छ । सौख र चाहनालाई प्रभाव पार्ने तत्व पनि सरसंगत र वातावरण नै हो । यसैले हरेक मानिसको जीवनको धुन फरक फरक हुन सक्छ । जसरी गिटारका फरक फरक तारले फरक फरक धुन निकाल्दछन । एउटै धुन किन निस्केन भन्ने कुरा बुझ्न तारको अवस्थितिलाई राम्ररी नियाल्नु जरुरी छ । अर्को कुरा मानिसका परिवेश, वाताबारण र उसले गर्ने कर्मवाट मानिसको बिचार निर्माण हुने कुरा बुझियो । यसरी बन्ने बिचारहरु सामाजिक मूल्य र मान्यता अनुरुप पनि हुनुपर्छ । सामाजिक मूल्य मान्यता बिपरित भएमा यो समाज बिरुद्धको आचरण भयो । समाज बिरुद्ध जानेलाई देशको ऐन नियम र कानूनले नियमन गरेको हुन्छ । यसैले अपराध कर्म गर्नेहरुलाई दण्ड सजायको व्यबस्था गरिएको छ । तर हाम्रो यो संसदीय व्यबस्थामा दादागिरी गर्ने, तस्करी गर्ने, सरकारी जग्गा हत्याउने, मानिसहरु नै राजनीतिमा पनि हावी भएका छन् । अझ यिनीहरु केन्द्रीय नेतृत्वमा समेत पुगेका छन् । पार्टी सिष्टम र पार्टी भित्र पनि गुटगत अवस्था हावी हुनाले अपराध कर्म गर्नेहरुले घुमी फिरी मौका पाउने गरेका छन् । चुनावमा पैसा बाँडी चुनावलाई पनि उनीहरु प्रभाव पार्न सक्दछन् । यिनै व्यक्तिहरुले नै हाम्रो राज्य सत्ताको रेल चलाइरहेका छन । भनाइ र गराइमा फरक पर्नु, सिद्धान्त र व्यबहारमा आकास जमिन अन्तर हुनु यही नै मूख्य कारण हो । संसारलाई हेर्ने हाम्रो आँखा सकारात्मक हुनुपर्छ भन्दै गर्दा सामाजिक मूल्य मान्यतामा सबै जना चलुन् भन्नका लागि हो । जब सामाजिक मूल्य मान्यता त्यागेर कुनै मानिस, कुनै समूह वा पार्टी देशका नियम कानूनको धज्जी उडाउँछ ।

आफ्नै पार्टीको आन्तरिक नियम र अनुशासनको पनि ख्याल गर्दैन भने कसरी सकारात्मक हुन सकिएला र ? चुनावमा टिकट नपाउने बित्तिकै कुनै नेतो चुनावको मुखमा आफ्नै साथीलाई हराउन बिरोधी पार्टीमा प्रवेश गर्दछ । पार्टीको अनुशासन त तोडियो निद्र तिनै मानिसलाई पार्टी भित्रका गुटहरुले हानथाप गरेर पु:न पार्टी भित्र प्रबेस मात्र हैन आफ्नो गुटमा ल्याउन हानथाप गर्दछन् भने यहाँ भन्दा बिडम्वना के हुन सक्छ ? यी र यस्तै प्रकृतिका थुप्रै बिकृति छन । यो नै संसदीय व्यबस्थाको सबैभन्दा खराव पक्षहरु हुन् । व्यक्तिगत रुपमा शिर्ष नेताका स्वार्थ माथि हुन्छन् । पार्टीगत स्वार्थभन्दा गुटको स्वार्थ माथि हुन्छ । देशको स्वार्थ भन्दा पार्टीको स्वार्थ माथि हुन्छ । देश गरिव हुनु, बिदेशीको इसारामा चल्ने हुनु । राष्ट्रिय स्वार्थको सधै बलिदान हुनुको मूख्य कारक नै यस्तै यस्तै गतिबिधिहरु हुन् । यसलाई सच्याउनको लागि काम गर्नेको मूल्यांकन राम्रो गर्ने परिपाटी बसाल्नु आवश्यक छ । गलत गर्नेहरुलाई अपराधको प्रकृति हेरेर नसियत दिने व्यबस्था हुनुपर्छ । राम्रो गर्नेलाई निरन्तर प्रोत्साहनको आवश्यक छ । जे कुरो हुनु हुँदैन भनियो त्यो कुरो निरन्तर हुँदै आयो । जे कुरा हुनुपर्छ भनियो त्यो आकाशको फल जस्तो भयो । सबैको दिमागलाई सकारात्मक बनाउन देश एउटा लयमा बग्नुपर्छ । राष्ट्रिय स्वार्थ सर्बोपरी बन्नुपर्छ । यसकोलागि सिष्टममा सुधार या परिवर्तन गर्न आवश्यक परे पनि तयार हुनुपर्दछ ।

*-डिसी नेपाल डटकम*

# किन चाहिन्छ शिक्षामा दर्शन र सिद्धान्त ?

शिक्षामा एमफिल उत्तीर्ण एक विद्यालय निरीक्षकसँग केही समयअघि शैक्षिक भेटघाट भएको थियो । विद्यालय निरीक्षकको बैठक सकिएपछि उनले एक प्रश्न राखेका थियो । उनले भने, विद्यालयमा त पढाउने हो, विद्यार्थीले सिक्ने हो, तर हामीले अध्ययन गरेका शैक्षिक दर्शन त कतै पनि व्यवहारमा आएको पाइनँ । यो त कोरा ज्ञान मात्र भयो । यसको प्रयोजन कहीँकतै देखिएन। दर्शन जानेको शिक्षकले यसको प्रयोग कसरी गर्छ ?

प्रयोगमा नआउने यो विषयलाई विश्वविद्यालयमा किन प्राथमिकतामा राखिन्छ ? बरू विधिशास्त्रमा र शैक्षिक सुपरिवेक्षणमा केन्द्रित गरियो भने हाम्रो काममा थप प्रभावकारिता आउने थियो । यो दर्शनले के काम गर्छ ? किन चाहिन्छ सिद्धान्त ? प्रश्नको उत्तर प्रत्यक्ष भए पनि यो सवाल धेरै प्रधानाध्यापक र शिक्षा सरोकारवालाहरूलाई अर्थपूर्ण रूपमा प्रस्ट नभएको उनले उल्लेख गर्नुभयो । हामीले त्यसमा रहेर छलफल गर्‍यौं । यहाँ त्यसैको संक्षेप राखेको छु ।

दर्शन कसरी व्यवहारमा निस्किन्छ र यसको निहितार्थ के हुन्छ, एक निषेधात्मक उदाहरणबाट प्रस्तुत गर्छु । यसरी नै सबैमा लागू भएको छ भन्ने मेरो अभिप्राय होइन । मानौं, विद्यार्थीहरूको उच्च परिणाम चाहेर कुनै कार्यक्रम निर्धारण गरेको स्कुलले एक दर्शनको यसरी प्रयोग गरेको छ । त्यहाँ एसइई परीक्षामा उत्कृष्ट ग्रेड ल्याउने लक्ष्य राखियो । विद्यालयले बिहानदेखि साँझसम्म विद्यार्थीहरूलाई अनेकन काममा व्यस्त गरायो । बौद्धिक उपलब्धिका ठाउँमा विद्यार्थीहरूलाई परीक्षा प्रणालीका छिद्र प्रयोग गर्दै ग्रेडलाई केन्द्रित गरेर विषयवस्तुका सूचना मात्रै रटाइयो । यस अवस्थामा विद्यालयले पाठ्यपुस्तकलाई रटाउने विधिशास्त्रको एउटा आधार लियो । यसरी विद्यार्थीमा सूचना संकलन गरे अवधारणा बुझाउने झन्झट कम हुने र परिणाम उच्च आउने विश्वास लिइयो । यही विश्वास नै त्यस स्कुलको शिक्षणको एक आधार वा दर्शन बन्यो। घोकेर पढ्नु पर्छ भन्ने त्यस दर्शनले यसै अनुसार विद्यार्थीको सिकाइको दिशा तय गर्‍यो । अझै विश्लेषण गरौं । रटाएर उत्कृष्ट अंक ल्याउन उद्यत त्यस अमुक स्कुलको अर्को दार्शनिक अभ्यास अझै भयावह छ । यस अर्थमा कि, एसइई परिणाम नराम्रो भएमा विद्यार्थी संख्या घटेर आम्दानीमा कमी आउन सक्ने जोखिमले सिर्जित प्रेरणा अर्थात् विद्यार्थीको वैचारिक उन्नतिको सट्टा स्कुल सञ्चालकहरूको निहित आर्थिक स्वार्थ । त्यस अमूक स्कुलले मुनाफा आर्जन गर्नुलाई विद्यालय स्थापनाको प्रमुख अघोषित आधार लियो । यो नै त्यस स्कुलको आधारभूत नैतिक र दार्शनिक भुल हो ।

यो शिक्षाको स्थानलाई वाणिज्य दर्शनले विस्थापित गरेको त्रुटिपूर्ण अवस्था हो । व्यापार र शैक्षिक दर्शन वस्तुगत रूपमा बेग्लाबेग्लै हुन्। प्रस्ट छ, शैक्षिक दर्शनको ठाउँ वाणिज्य दर्शन हुन सक्दैन । उक्त विद्यालयले त्यस्तो ध्येय र विश्वासको स्थानमा मौलिक चिन्तन, उद्देश्यपूर्ण सिकाइ, चरित्र निर्माण, संस्कारको विकास जस्ता विचारलाई विस्थापित गरिदिएको भए शिक्षाको स्वरूप नितान्त भिन्न बन्ने थियो स्कुलले सही गन्तव्य लिने थियो । यस उदाहरणले शिक्षामा गतल दार्शनिक संस्कृति बसेमा विसंगति मौलाउन सक्ने कुरा स्पष्ट पार्छ । दर्शनले यसरी काम गर्छ र त्यसैअनुसार विद्यालयको प्रवृत्ति र कार्यपद्धतिको आधार तयार हुन्छ । शिक्षाको दार्शनिक पक्षका मुख्यत: दुई प्रायोगिक भाग रहन्छन् । पहिलो भाग दर्शन आफै हो भने दोस्रोमा सिद्धान्त रहन्छ । र, यी दुवै मूलभूत रूपमा फरक रहे पनि निकट रूपमा परस्पर सम्बन्धित हुन्छन् । पहिला, विद्यालयको दार्शनिक पाटो हेरौं। त्यसपछि त्यसमा अन्तरनिहित सिद्धान्तको सम्बद्धतालाई लेखको दोस्रो भागमा राख्ने छु । शैक्षिक दर्शनलाई केवल बौद्धिक तर्क र विषयगत परावर्तन मात्र मानिनुले यसको कार्यात्मक पक्षलाई कुण्ठित बनाउँछ । दर्शनले शिक्षा प्रणालीलाई दिने ठोस वैचारिक आधारशिला नै यसको पहिलो र प्रमुख व्यावहारिक पक्ष हो । उदाहरण लिऔं । एउटा प्रशस्त फल लागेको विशाल वृक्ष छ । बाहिरबाट हेर्दा काण्ड र माथिको भाग मात्र देखिन्छ तर त्यसको जमिनमुनिको मूल देखिँदैन । त्यस वृक्षको आधार बाह्य रूपमा लुप्त जरा रहन्छ । यसले नै वृक्षलाई अड्याउनेदेखि पानी र पोषण पुर्‍याउँछ । ठीक यही उपमान विद्यालयको बाहिरी कार्यात्मक, भौतिक स्वरूप र यसका अन्तरनिहित दर्शनसँग दाँज्न सकिन्छ । बिना शैक्षिक आधारशिला वा त्यो मूल जराको अभावमा विद्यालय खडा हुन सक्दैन । आधारशिला कमजोर भएमा वा गलत भएमा विद्यालयको दिशा अस्तव्यस्त हुन्छ ।

शिक्षा निर्दिष्ट बन्दैन । परिकल्पना गरौं, सतहमा मक्किएको जरो रहेको रूख कति टिक्ला ? फल कति दिन सक्ला ? विद्यालय नेतृत्व यही अर्मूत र गुप्त दार्शनिक आधारमा अलमलिन सक्छ । सुक्ष्म र शक्तिशाली अपरिहार्यता नपहिल्याएर वा पाखा लगाएर बाह्य स्वरूपमा गरिने भौतिक लगानीले स्कुललाई स्थायित्व दिन खोज्दा त्यो संरचनामा मात्र सीमित हुन्छ । जबसम्म विद्यालयले अंगिकार गरेको दार्शनिक शिराबाट बाटो पहिल्याउँदैन, तबसम्म विद्यालयको वास्तविक स्वरूप बन्दैन । हाम्रा धेरै स्कुलले यस्तो गहन पक्ष नदेखेझैं गर्नु नै तिनले प्रदान गर्ने शिक्षा कमसल हुने प्रमुख कारणमध्ये एक हो । दर्शनरहित हचुवा अवधारणाले विद्यालय बन्दैन । शिक्षा दर्शनको अर्को महत्त्वपूर्ण पाटो त्यस स्कुलको शिक्षाको प्रकृति परिभाषित गर्नु हो । कस्तो शिक्षा दिने हो? कसरी दिने हो ? त्यस विद्यालयको शिक्षाको लक्ष्य के हो ? कता लग्न खोजिएको हो? कस्तो ज्ञान मानवीय तवरले योग्य छ? विद्यार्थीको व्यक्तिगत जीवनमा र समाजमा यसले कसरी योगदान पुर्‍याउँछ ? यस्तै यावत प्रश्नका विशिष्ट उत्तरहरूको कार्यान्वयनबिना विद्यालय बन्ला र ? यी आधारभूत प्रश्नहरूको उत्तर, स्कुलले आृनो दर्शनलाई आधार मानेर कार्य दिशा लिनु र विद्यालयको दर्शन व्यवहारमा आउनु हो । उद्देश्यसहितको शिक्षाले विद्यार्थीलाई निर्दिष्ट गर्छ । ती उद्देश्य त्यस विद्यालयका विश्वासमा आधारित हुन्छन् । तर हाम्रा धेरै विद्यालयहरूका शैक्षिक क्रियाकलापको उद्देश्य अपरिभाषित देखेको छु । कुनै काम किन गरियो भन्ने प्रश्नको उत्तरबिनै कक्षाहरू सञ्चालन भएको देखेको छु । क्रियाकलापका लागि मात्र क्रियाकलाप, विधिबिनाको वा अस्पष्ट सिकाइ प्रक्रिया, कतै संरेखित नभएका कार्ययोजना र शैक्षिक दिशाहीनता जस्ता कमजोरीहरू दर्शनरहित विद्यालयका लक्षण हुन् । बिनादर्शन शिक्षा र शिक्षण जीवन्त बन्दैन । स्कुलको शैक्षिक दर्शनले यस्ता समस्यालाई समाधानको मार्गदर्शन दिन्छ । दार्शनिक आधारले शिक्षा प्रक्रियाको निर्धारण गर्न मद्दत गर्छ । कस्ता मूल्य र प्रदान गर्ने हो भन्ने निर्क्यौल गर्छ । यसका लागि कस्तो विधिशास्त्र लागू गर्ने हो, शिक्षा कस्तो प्रकृतिको निर्धारण गर्ने हो, यी सब प्रश्नको उत्तर त्यहीँबाट सिर्जित हुन्छ । नेतृत्वले गरेको दूरदृष्टि निर्माणपछि विद्यालय रूपान्तरणको प्रक्रिया सुरू हुन्छ । त्यो दूरदृष्टि पनि त्यस स्कुलको दर्शनबाटै जन्मिन्छ ।

बिनाशैक्षिक दर्शनको भिजन मिसन केवल निष्क्रिय वाक्य बन्छ र यसले कार्यात्मक गति दिन सक्दैन। तसर्थ दूरदृष्टि निर्माणअघि नै विद्यालय नेतृत्वले आृनो विद्यालयको दर्शनलाई पहिल्याउने र तत्पश्चात दर्शनलाई लिखित वाक्यमा परिभाषित गर्न पर्छ । ती विद्यालय निरीक्षकको प्रश्नहरूको उत्तरलाई नै शिक्षा दर्शनको आधार चाहिन्छ । प्रस्ट छ, विधिशास्त्रमा र शैक्षिक सुपरिवेक्षणलाई नै दर्शनको आधार खडा गर्नु पर्छ । अन्यथा त्यो कार्य प्रणाली अप्रभावी बन्छ । विद्यालय संस्कृति अलिखित पाठ्यक्रम हो र यसको आधार पनि विद्यालयकै निहित दर्शन हो । शैक्षिक उपलब्धि र मानवीय मूल्यमान्यता स्थापित नभए विद्यार्थीका विचार फैलिँदैनन् । त्यस अवस्थामा ती विद्यार्थी वयस्क बनिसक्दा दिशाहीन बन्ने जोखिम उच्च हुन्छ । यस्तो अवस्था आउन नदिन दर्शनको आधारलाई प्रयोगमा ल्याउन अपरिहार्य छ । सारांशमा पाठ्यक्रमको स्वरूप निर्धारण दर्शनले गर्छ । विद्यालय दर्शनका आधारमा विधिशास्त्रको खाका तयार हुन्छन् । शिक्षक र विद्यार्थीको भूमिकालाई दर्शनले परिभाषित गर्छ र विद्यालयको वैचारिक आधार सिर्जना हुन्छ । केही स्कुलका प्राचार्यसँगको अन्तरक्रियामा दु:खलाग्दो कुराको अनुभव छ । ठूलो स्कुल बनाउने खाका तयार गरिएको छ, भिजन वाक्य पनि छ । सुन्दा सही र राम्रो लागे पनि अलिकति कोट्याउँदा ती प्राचार्यहरूले त्यही वाक्यमा विश्वास नगरेको स्पष्ट हुन्छ । यसरी दर्शन राखेर त विदेशमा सम्भव होला, यो देखाउनका लागि मात्र हो, हाम्रो परिप्रेक्ष्यमा यो चाहिँदैनसम्म भनेको सुनेको छर । यो प्रवृत्तिले विद्यालय कस्तो बन्ला ? अब शैक्षिक सिद्धान्त हेरौं । स्कुलहरू शैक्षिक सिद्धान्त र दर्शनका प्रयोगस्थल हुन् । सिद्धान्त, दर्शन र व्यवहार एउटै सिक्काका दुई पाटा हुन् । बिनासिद्धान्त अभ्यास हुँदैन र अभ्यासबिना सिद्धान्त जड बन्छ । यी दुवै सँगसँगै जान्छन् । एक उदाहरण प्रस्तुत गर्छु । भौतिक विज्ञानमा न्युटनको गतिको तेस्रो सिद्धान्तले क्रिया र प्रतिक्रिया सदैव बराबर र विपरीत हुन्छ भनेर प्रमाणित गर्छ। यो सिद्धान्त मात्र भयो । यसको अभ्यासबाट जहाज उड्छ। अन्तरिक्षयान पृथ्वीको गुरूत्वाकर्षणबाट बाहिरिन्छ । शिक्षाका सिद्धान्तमा पनि यही सदृश्य हुन्छ । विद्यार्थीका बौद्धिक विकासका सिद्धान्तहरू छन् । ती सिद्धान्त शैक्षिक दर्शनलाई पूर्णता दिने अनुसन्धानबाट प्राप्त नियमहरू हुन् । स्थापित बृहत दर्शनका पूरक भाग हुन् । र, तिनको प्रयोग स्कुलहरूमा गरिएमा दर्शन अनुरूप वाञ्छित परिणाम आउँछन् । उदाहरणका लागि, प्रगतिशीलता एक शिक्षादर्शन हो भने भाइगोत्सकी, जाँपियाजेका सिद्धान्त यसै दर्शनलाई पुष्टि गर्ने तथ्यहरू हुन् । यसरी दर्शन, सिद्धान्त र शैक्षिक अनुसन्धानबाट प्राप्त ज्ञानलाई व्यावहारिक रूपमा प्रयोगमा ल्याए हाम्रा विद्यार्थीहरूले विचार गर्ने क्षमतासहितको असल शिक्षा पाउने छन् । ज्ञान व्यावहारिक बन्नेछ र विद्यालयको शिक्षादर्शन जीवन्त बन्नेछ ।

**-सेतोपाटी डटकम**

# 'साहित्य सिर्जनाहरु सत्य कुरामा केन्द्रित हुनुपर्छ'

कृष्ण पोखरेल



**पाल्पा,** वैशाख ३०/साहित्यकार एवं नेकपा एमालेका उप-महासचिव प्रदिप कुमार ज्ञवालीले साहित्य सिर्जनाहरु सत्य कुरामा केन्द्रित हुनुपर्ने बताएका छन् । तरङ्ग साहित्य संगम तानसेनको आयोजनामा लेखक राम प्रसाद अर्यालद्धारा लिखित घुस्सा हास्य व्यङग निबन्ध र प्रा.डा. कपिल लामिछानेको राराको डिलमा नियात्रा निबन्धको लोकापर्ण गर्दै एमाले उप-महासचिव ज्ञवालीले साहित्यकार तथा श्रष्टाहरुले रचना गर्ने सिर्जनाहरु सत्य कुरामा केन्द्रित हुनुपर्ने बताएका हुन् ।

उनले भने,'सिर्जनाका माध्यमबाट समाजमा भएका राम्रा नराम्रा पक्षका सत्य कुराहरुलाई जनमासमा ल्याउनु पर्छ । नराम्रो भएपनि सत्य कुरा समाजले ग्रहण गर्छ मनन् गर्छ त्यसैले साहित्य सिर्जनाहरु सत्य कुरामा केन्द्रित हुन आवश्यक छ ।' श्रष्टा तथा साहित्यकारहरुले आफुलाई सधै सरकार तथा समाजको प्रतिपक्षको रुपमा सम्भिने गरेको उपमहासचिव ज्ञवालीले बताए । उनले भने,'प्रतिपक्ष हुँ भन्दैमा देशको अग्रगमन, आमजनताको भावना विपरित सिर्जनाहरु रचना तथा अभिव्यक्ति गर्न हुँदैन ।' देश समाज बचाउने, देशलाई माथि उठाउने, निराशावादी चिन्तनलाई सकारात्मक बनाउने, देशमा केही भएको छैन भन्ने आवाजलाई स्वदेशमै राम्रो छ भनेर सकारात्मक चिन्तनको विकास गर्ने काम पनि श्रष्टाहरुको भएको साहित्यकार ज्ञवालीलले बताए । साहित्यकार एवं पत्रकार राम प्रसाद अर्यालको घुस्सा हास्य व्यङग निबन्ध चौथो प्रकाशन हो । उनले २०६२ के छ हजुर, विहानीपख २०७२, देउरालीको फन्को २०७९ प्रकाशित गरिसकेका छन् । घुस्सा हास्य व्यङग निबन्धमा २८ वटा निबन्धहरु रहेका छन् । राजनीति, देश, समाजमा भए गरेका विकृति, अनियमिता, अन्याय अत्याचारका विषयवस्तुलाई लेखक अर्यालले हास्य व्यङगको माध्यमबाट निबन्धमा सामग्रीहरु पस्केका छन् । घुस्साको त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाका उप-प्राध्यापक टंक पन्थले समीक्षा गरेका थिए । समीक्षक पन्थले अर्यालको स्वभाव नरम, मिठो बोल्ने, कसैसँग नरिसाउने रहेपनि साहित्य क्षेत्रमा भने अर्यालको व्यङ्ग आफैलाई प्रहार गरेको जस्तो गरी कडा रुपमा प्रस्तुत भएको बताए । कार्यक्रममा लेखक अर्यालले देउराली पत्रिका सम्पादन गर्दै लेखिएका निबन्ध लेखेको बताए । आगामी दिनमा विभिन्न कृतिहरु प्रकाशित गर्दै जाने लेखक अर्यालले बताए । प्रा.डा. लामिछानेद्धारा लिखित राराको डिल निबन्धको साहित्यकार रुद्र ज्ञवालीले समिक्षा गरे । राराको डिल निबन्धमा साहित्यकार लामिछानेले १३ पटक मुलकु भित्र र बाहिर गरेका यात्राको १९ वटा शिर्षकमा निबन्ध प्रस्तुत भएको समीक्षक ज्ञवालीले बताए । प्रा. डा. लामिछानेका ६ दजर्न कृतिहरु प्रकाशित भईसकेका छन् ।

कार्यक्रममा लेखक प्रा.डा.लामिछानेले साहित्यकार लामिछानेले १३ पटक मुलकु भित्र र बाहिर गरेका यात्राको सम्भना र यात्राको क्रममा देखिएका गतिविधीहरुलाई आफ्नो देश, समाज, कलासंस्कृति भेष भुषासँग तुलना र समीक्षा गर्दै निबन्ध लेखिएको बताए । कार्यक्रममा तानसेन नगरपालिकाका- ८ का वडा अध्यक्ष सोमनाथ अर्याल, ९ का वडा अध्यक्ष राजेश कुमार अर्याल, धवल पुस्तकालयका अध्यक्ष युवराज पौडेल, पाल्पा साहित्य समाजका अध्यक्ष पुष्करराज रेग्मी, पत्रकार महासंघका अध्यक्ष रेखीराम राना, बरिष्ठ पत्रकार मेघराज शर्मा लगायतले लोकापर्ण भएका कृति घुस्सा र राराको डिलको चर्चा गरेका थिए । तरङ्ग साहित्य संगमका अध्यक्ष राधाकृष्ण शर्माको अध्यक्षता, उपाध्यक्ष केशव अधिकारीको स्वागत, सह-सचिव प्रेम खरालको सञ्चालनमा लोकापर्ण कार्यक्रम भएको थियो ।


## मदाने गाउँपालिकाको अनुरोध

- ➢ आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- ➢ आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- ➢ आफ्ना नानी-बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याउनुको साथै उनीहरुको क्रियाकलाप प्रति सधै सजग रहौं ।
- ➢ कुनै सामान वा बस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौ ।
- ➢ म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।
- ➢ व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- ➢ आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- ➢ जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- ➢ बाझो जग्गा नराखौ/ राख्न नदिउँ ।
- ➢ सार्वजनिक सम्पत्ति ऐतिहासिक, पुरातात्विक तथा धार्मिक सम्पदाको संरक्षण गरौं ।
- ➢ खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- ➢ वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- ➢ घरेलु हिंसा लौगिकहिंसा, जातिय भेदभाव लगायत सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- ➢ श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- ➢ स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- ➢ अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।

| शालिकराम पन्थी | सरिता खड्का | महेन्द्र बहादुर कुँवर |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

मदाने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुर्कोटदह गुल्मी
लुम्बिनी प्रदेश, नेपाल


## खेलकुद समाचार

# कोलकाता आईपीएलको प्लेअफमा



**काठमाडौं**, बैशाख ३०/कोलकत्ता नाइट राइडर्स इंडियन प्रिमियर लिगको प्लेअफमा पुगेको छ । शनिबार राति भएको खेलमा मुम्बइ इन्डियन्सलाई पराजित गर्दै कोलकाता प्लेअफमा पुग्ने पहिलो टोली बनेको हो । वर्षाले प्रभावितल भएको खेलमा कोलकत्ताले मुम्बइलाई १८ रनले पराजित गरेको हो । १६ ओभरमा घटाइएको खेलमा टस हारेर पहिले ब्याटिङ गरेको कोलकत्ताले ७ विकेटको गुमाएर १५७ रन बनाएको थियो ।

कोलकाताका वेंकटेश ऐयरले २१ बलमा सर्वाधिक ४२ रन बनाए । नितिश रानाले २३ बलमा ३३ रन बनाउँदा आन्द्रे रसेलले २४ तथा रिन्कु सिंहले २० रन जोडे । ओपनर भने चल्न सकेनन् । मुम्बइका जस्पृत बुम्राह र पियुस चावलाले दुई/दुई विकेट लिए भने नुवान् थुसरा र अंशुल कम्बोजले एक/एक विकेट लिए । १५८ रनको लक्ष्य पछ्याएको मुम्बइले १६ ओभरमा ८ विकेट गुमाएर १३९ रन मात्र बनायो । मुम्बइका इशन किसनले ४०, तिलक बर्माले ३२, रोहित शर्माले १९ र नमन धिरले १७ रन बनाए । कोलकत्ताका हर्षित राना, बरुण चक्रवर्ती र आन्द्रे रसेलले समान दुई/दुई तथा सुनिल नारायणले एक विकेट लिए । यो जितपछि १२ खेलबाट १८ अंक जोडेको कोलकाता शीर्ष स्थानमा रहँदै प्लेअफको यात्रा पक्का गरेछ । एक खेल खेल्न बाँकी रहेको मुम्बइ भने ८ अंकमा सीमित छ ।

## सर्टिफिकेट हराएको सूचना

मिति २०८०/१२/१५ गते पाल्पाको वर्तुङ्गदेखि तानसेन बसपार्कतर्फ आउने क्रममा ता.न.पा -१ बराङ्दी, पाल्पा बस्ने सिर्जना अधिकारीको निम्न विवरणको TSLC (LA) तहको सक्कल प्रमाणपत्रहरु, एसएलसीको सक्कल प्रमाणपत्र र मेडिकल काउन्सील दर्ता प्रमाणपत्र हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम :** सिर्जना अधिकारी
**ठेगाना :** ता.न.पा -१ बराङ्दी, पाल्पा
**रजिष्ट्रेसन नम्बर :**TSLC (LA)-२८९५-७४ (सिटीइभिटी)
**सिम्बोल नं :** ०४५४४४८'T' (एसएलसी)
**सम्पर्क नं. :**९७६७३५१२९१


## वर्गिकृत डिस्प्ले

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# बढ्यो सेयर बजार



**पाल्पा,** वैशाख ३०/साताको पहिलो दिन आइतबार सेयर बजार ८.२ अंक बढेको छ । सो अंकको वृद्धिपछि नेप्से परिसूचक १९७४ अंकमा कायम भएको छ । आइतबार ३ अर्ब १५ करोड रुपैयाँको कारोबार भयो । दिनभर १२७ कम्पनीको मूल्य बढ्दा १११ को घट्यो भने ७ को स्थिर रह्यो ।

तीन क्षेत्र फाइनान्स, होटल तथा पर्यटन र माइक्रोफाइनान्सका सूचक घटे भने अरु सबै क्षेत्रका सूचक बढेका छन् । निर्जीवन बीमा समूहको सूचक सबैभन्दा धेरै २.६ प्रतिशत बढ्यो । यसअघि गत बिहीबार होटल समूह सबैभन्दा धेरै ६ दशमलव ९ प्रतिशत बढेको थियो । बैंकिङ ४, विकास बैंक ४२, हाइड्रोपावर ३, जीवन बीमा १२२, निर्जीवन बीमा २७२, अन्य ११, ब्यापार ३१ र उत्पादन समूह सूचक ९३ अंक बढे । फाइनान्स १८, होटल तथा पर्यटन १२६ र माइक्रोफाइनान्स ५७ अंक घटे । सिर्जनशील लघुवित्तको मूल्य १० प्रतिशत बढ्यो । उन्नती सहकार्यको ७.५, युनाइटेड अजोड इन्स्योरेन्सको ५.६, हिमालयन एभरेस्ट इन्स्योरेन्सको ५.५, एसियन लाइफ इन्स्योरेन्सको ५ प्रतिशत मूल्य बढ्यो । त्यस्तै मानुषी लघुवित्तको ५.४, दोल्ती पावरको ४.५, आरएसडीसी लघुवित्तको ४.४, सोल्टी होटलको ३.६ र नेस्डो लघुवित्तको ३.४ प्रतिशत मूल्य घट्यो ।

कारोबार रकमका आधारमा सांग्रिला विकास बैंक, पोखरा फाइनान्स, सोनापुर सिमेन्ट, शिवम् सिमेन्ट र नेपाल इन्स्योरेन्स कम्पनी क्रमश अगाडि रहे ।

# स्थायी आवास...

अहिले पुन: आगोले घर जलेको छ । 'अब बर्खा पनि सुरु हुन थाल्यो, जतिसक्दो छिटो स्थायी आवास भयो भने अलि राहत हुने थियो', दर्जीले भने । बिमला, सुरेन्द्र र बलबहादुर त आगोले घर जलेर स्थायी आवास बनाइदिन अनुरोध गर्ने प्रतिनिधिमूलक पात्र मात्रै हुन् । उनीहरुजस्तै इस्माका अन्य अग्निपीडितले आफूहरुलाई अस्थायी आवासभन्दा स्थायी आवास नै बनाइदिन माग गरेका छन् । अहिले वर्षा भएको र थप वर्षा हुने समय पनि नजिकिएकाले उनीहरुले सकेसम्म वर्षाअघि नै नयाँ घर बनाउने विषयमा सहजीकरण गर्न सरकारसँग आग्रह गरेका छन् ।

आगोमा परेर इस्माका २६ घर र ४९ गोठ जलेर पूर्णरुपमा नष्ट भएका छन् । आगलागीबाट दुईसयभन्दा बढी नागरिक प्रभावित भएका छन् । योबाहेक एउटै घरमा दुई परिवार भएर बसेका, गोठमा समेत परिवार बसेका गरी इस्मामा बढी मात्रामा क्षति भएको छ । इस्मा गाउँपालिकाले आगलागीबाट क्षति भएका संरचनाको उचित व्यवस्थापन र केही ठाउँमा अस्थायी आवास निर्माण गर्नको लागि प्रधानमन्त्री रोजगारका कामदारसमेत परिचालन गरेको थियो । त्यसका साथै जनप्रतिनिधि र कर्मचारीले समेत स्थानीयको सहयोगमा श्रमदान गरेका थिए । इस्मा गाउँपालिकाका अध्यक्ष भगतसिंह खड्काले घर निर्माणका लागि गाउँपालिकाले संघ र प्रदेश सरकारसँगको लागत साझेदारीमा चार र गाउँपालिकाको एक लाख गरी पाँच लाख प्रदान गर्ने बताए । पालिकाले दिने रकमको सम्झौता समेत गरिएको छ । जसमा रु ५०/५० हजार गरी दुई किस्तामा रकम प्रदान गरिने छ । अध्यक्ष खड्काले अहिले आफूहरु विपद्मा रहेको भन्दै सक्दो सहयोग गर्न सबैसँग अपिल समेत गरे । अग्निपीडितको अवस्था अवलोकन गर्न पुगेका सोही क्षेत्रका संघीय सांसद गोकर्ण विष्टले आफूहरुले पीडितको घर बनाउने गरी योजना बनाएको बताए । 'वर्षाअगावै घर बनाएर पीडितलाई हस्तान्तरण गर्न लागिपरेका छौं', विष्टले भने । **-रासस**


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई